## पृष्ठभूमिः

बिक्रम सम्बत् २०६० मा नेपाल सरकार, नेपाल उद्योग वाणिज्य महासंघ तथा गैरआवासीय नेपालीहरुको सहकार्यमा संसार भरी छरिएर रहेका नेपालीहरुको ज्ञान, सीप र पूँजी समग्र नेपाल तथा नेपालीहरुको बृहत्तर बिकासमा परिचालन गर्ने उद्देश्यले एक वृहत्तर सम्मेलन आयोजना गरिएको थियो। उक्त सम्मेलनमा उपस्थित गैरआवासीय नेपालीहरु माझ गैरआवासीय नेपाली अभियानलाई अगाडी बढाउन एक छुट्टै संघ आवश्यक भएको महशुस गरी गैरआवासीय नेपाली संघ स्थापना भएको हो। स्थापना काल पछीको दश वसन्त पार गरी सक्दा यस संघले ६५ मुलुकहरुमा राष्ट्रिय समन्वय परिषद् गठन गरी यी राष्ट्रिय समन्वय परिषद्हरु मार्फत नेपालमा गैरआवासीय नेपालीहरुले नेपाली कला, संस्कृती, साहित्यको प्रवर्द्धन तथा जर्गेणा गर्नुका साथै पर्यटन प्रवर्द्धनमा समेत उल्लेख्य संलग्नता र योगदान पुऱ्याउदै आएका छ। संघले नेपालको अर्थतन्त्रको विविध क्षेत्रमा गैरआवासीय नेपालीहरुको संलग्नताको वातावरण तयार पार्दै नेपालमा गैरआवासीय नेपालीहरुको तथा विदेशीहरुको लगानी भित्र्याउन अहंम भूमिका निर्वाह गर्दै आएको छ।

यस संघको पहलमा विश्व भरि छरिएर रहेका गैरआवासीय नेपालीहरुका स-साना पूँजीहरुलाई संकलन र एकिकृत गर्दै सामूहिक लगानी अभिवृद्धि गर्ने र धेरै भन्दा धेरै गैरआवासीय नेपालीहरुलाई नेपालको आर्थिक बिकासमा संलग्नता गराउने उद्देश्य अनुरुप पाँच अरव अधिकृत पूँजी भएको एनआरएन ईनभेष्टमेन्ट लिमिटेड, कम्पनी ऐन २०६३ अन्तर्गत कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई संचालनमा समेत आईसकेको छ। यसका अतिरिक्त संघ र संघसंग आवद्ध व्यक्ति एवं संस्थाहरुले सामाजिक दायित्व अर्न्तगत, अक्टोवर २०११ देखि अगष्ट २०१३ सम्ममा स्वास्थ, शिक्षा, सीप बिकास, दैविक प्रकोप उद्धार जस्ता थुप्रै सामाजिक कार्यहरुमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा झण्डै दश करोड बराबर सहयोग उपलव्ध गराई सकेका छन्। गैरआवासीय नेपालीहरुको हकहितको संरक्षण र प्रवर्द्धन गर्दै गैरआवासीय समुदायसंग रहेको श्रोत र सम्भावनाहरुका भण्डारलाई समग्र नेपाल र नेपालीहरुको हकहितको लागि परिचालन गर्न गैरआवासीय नेपाली संघ सदा कटिबद्ध रहेको छ।

## परिचयः

विगत एक दशकको परम्परा र गैरआवासीय नेपाली संघको विधानको प्रावधान अनुसार छैटौं गैरआवासीय नेपाली विश्व सम्मेलन र संघको अन्तर्राष्ट्रिय महाधिवेशन अक्टोवर महिनाको १९ देखी २२ सम्म (तद् अनुसार कार्तिक २ देखी ५ सम्म) काठमाडौंमा आयोजना हुँदैछ।

गैरआवासीय नेपाली विश्व सम्मेलनले विभिन्न मुलुकहरुमा रहेका गैरआवासीय नेपालीका प्रतिनिधिहरुलाई एकै थलोमा ल्याएर अभियानका उपलव्धि एवं चूनौतीहरुको समिक्षा गर्दै भावी कार्ययोजनाको लागि मार्गनिर्देशनका साथै गैरआवासीय नेपालीहरुका सरोकारका विविध विषयहरुमा सम्बन्धित पक्षहरुसंग बृहत रुपमा छलफल गर्ने अवसर प्रदान गर्दै आएको छ। विश्व सम्मेलनले विभिन्न मुलुकहरुमा बसोबास गरेका नेपालीहरुको मातृभूमीसंगको सम्बन्ध प्रगाढ बनाई राख्न र मातृभूमी प्रतिको आस्था तथा समर्पणको भावनालाई उजागर गर्नको लागि उपयुक्त अवसर प्रदान गर्दै आएको छ।

गैरआवासीय नेपाली संघको अन्तर्राष्ट्रिय महाधिवेशन संघको सर्वोच्च अंग हो। यस अन्तर्राष्ट्रिय महाधिवेशनलाई संघको साधारण सभा पनि भन्न मिल्दछ। अन्तर्राष्ट्रिय महाधिवेशनले संघको नेतृत्व चयन गर्नुका साथै संघको भावी रणनीति र कार्ययोजनाहरुको तर्जुमा गर्दछ। यस महाधिवेशनमा संघका महासचिव र कोषाध्यक्षले दुई वर्षे कार्यकालमा भए गरेका कामको विवरण र लेखा प्रतिवेदन पेश गरी सभाबाट अनुमोदन गराउँदछन्। महाधिवेशनलाई संघको विधानका विभिन्न धाराहरुमा छलफल गर्ने र संशोधन सहितको विधान जारी गर्ने अधिकार संघको विधानले प्रदान गरेको छ।

नेपाल र गैरआवासीय नेपालीहरुका सरोकारका बिषयहरुमा वृहत रुपमा छलफलको अवसर दिंदै नेपाल सरकार र सरोकारवालाहरुसंग सहकार्य र समन्वय गरी गैरआवासीय नेपालीहरुको राष्ट्र निर्माणमा सहभागीता अभिवृद्धि गराउनमा विश्व सम्मेलनले उल्लेखनीय भूमिका निर्वाह गर्दै आएको छ। गैरआवासीय नेपालीहरुका लागि यो सम्मेलन आफ्नो मुलुकसंग भावनात्मक रुपमा गाँसिने पर्वको रुपमा परिचित छ। गैरआवासीय नेपाली संघ स्थापनाको एक दशक पुरा भएको अवस्थामा हुन गईरहेको यस सम्मेलनको महत्व एवं गरिमा अझ बढी भएको छ।




Newly Elected Office Executive Members (5th NRN Global Conference-2011)

## आयोजकः

विश्वसम्मेलनको परम्परालाई कायम राख्दै यस पटकको गैरआवासीय नेपाली विश्व सम्मेलन पनि नेपाल सरकार, नेपाल उद्योग वाणिज्य महासंघ र गैरआवासीय नेपाली संघको सहकार्य र सहभागितामा आयोजना हुने छ। नेपाल सरकारका तर्फबाट सम्मेलन आयोजनाका लागि माननीय परराष्ट्र मन्त्रीको संयोजकत्वमा एक उच्चस्तरीय आयोजक समिति गठन गरिएको छ। यस उच्चस्तरीय आयोजक समितिमा नेपाल सरकार, विशिष्ट व्यक्तिहरु, बुद्धिजिवीहरु, नेपाल उद्योग वाणिज्य महासंघ, गैरआवासीय नेपाली संघ र निजी क्षेत्रका संघ-संस्थाहरुका अध्यक्ष एवं पदाधिकारीहरुको समेत संलग्नता रहेको छ। यस सम्मेलनलाई भव्य रुपमा आयोजना गर्नको लागि आन्तरिक रुपमा संघका अध्यक्ष जीवा लामिछानेको संयोजकत्वमा एक आयोजक समिति गठन गरिएको छ। यस समितिमा संघका पदाधिकारीहरु, अन्तर्राष्ट्रिय समन्वय परिषद्का सदस्यहरु, संरक्षक परिषद्का सदस्यहरु, सल्लाहकारहरु, राष्ट्रिय समन्वय परिषद्का अध्यक्षहरु, नेपाल उद्योग वाणिज्य संघका अध्यक्ष, बरिष्ठ उपाध्यक्ष, महानिर्देशक, गैरआवासीय नेपाली संघका कार्यदलका सदस्यहरु एवं प्रोजेक्ट च्याम्पियनहरु सदस्य रहनु भएको छ। सम्मेलन सहज र सरल तरिकाले सम्पन्न गर्नको लागि विभिन्न उपसमितिहरु गठन गरी जिम्मेवारीहरु बाँडफाँड गरिएको छ। सम्मेलनको सचिवालयको रुपमा सम्पूर्ण कार्यहरु गैरआवासीय नेपाली संघको सचिवालयले गर्ने छ।

## मूल विषयः

गैरआवासीय नेपाली अभियानको आदर्श वाक्य **"नेपालीका लागि नेपाली"** रही आएको छ। यस वर्षको सम्मेलनको मूल विषय **"गैरआवासीय नेपाली र नेपालः समृद्धिका साझेदार "** राखिएको छ र सम्मेलनमा हुने छलफल र कार्यक्रम यसै मूल विषयमा केन्द्रित हुने छन्।

**अन्तर्राष्ट्रिय महाधिवेशन हुने मिति र स्थानः**
सोल्टी क्राउन प्लाजा, काठमाडौ।
मिति : २०७० कार्तिक २ र ३ (तद् अनुसार अक्टोवर १९ र २०, २०१३)
फोन नं : ९७७-०१-४२७३९९९

**विश्व सम्मेलन हुने मिति र स्थानः**
त्रिभुवन आर्मी अफिसर्स क्लव, भद्रकाली, काठमाडौं।
मिति : २०७० कार्तिक ४ र ५ (तद् अनुसार अक्टोवर २१ र २२, २०१३)
फोन नं. : ९७७-०१-४२२८८९१

## सहभागिताः

गैरआवासीय नेपाली संघको विधान २००३ (२०१२ को संशोधन सहित) मा व्यवस्था भए अनुसार अन्तर्राष्ट्रिय महाधिवेशनमा राष्ट्रिय समन्वय परिषद्ले चयन गरेका प्रतिनिधिहरु, अन्तर्राष्ट्रिय समन्वय परिषद्का सदस्यहरु, संरक्षक परिषद्का सदस्यहरु, सल्लाहकारहरु, राष्ट्रिय समन्वय परिषद् गठन नभएका मुलुकका गैरआवासीय नेपालीहरु, अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोके बमोजिमका पर्यवेक्षकहरु, मानार्थ र सम्बद्ध सदस्यहरुले भाग लिन पाउने छन्।

संघको विश्व सम्मेलनमा भने आमन्त्रित नेपाल सरकार, नेपाल उद्योग वाणिज्य महासंघ, विभिन्न राजनैतिक दलका नेतागणहरु, कुटनैतिक नियोगका प्रमुखहरु, नीजी क्षेत्रका उद्योगी व्यवासायीहरु, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय संघ संस्थाका प्रमुखहरु, बुद्धिजिवीहरु र संचारकर्मीहरुका साथै गैरआवासीय नेपालीहरुको सहभागीता रहने छ। यसका अलावा इच्छुक नेपाली तथा विदेशी नागरिकले दर्ता शुल्क वापतको रकम सचिवालयमा बुझाई विश्व सम्मेलनमा भाग लिन पाउने छन्।

यस वर्षको सम्मेलनमा आवासीय र गैरआवासीय नेपालीहरु गरी करिव एक हजारको सहभागिता रहने अनुमान गरिएको छ।

## नाम दर्ताः

महाधिवेशनमा सहभागीताका लागि प्रतिनिधि दर्ता अनिवार्य रुपमा भएको हुनु पर्नेछ। सहभागीता दर्ता फारम संघको सचिवालय वा छैटौं बिश्व सम्मेलनको बेभसाइट *http://www.nrn.org.np/6th_nrn_gc/index.html* बाट डाउनलोड गरी भरी पठाउन सकिनेछ। विभिन्न मुलुकबाट भाग लिन आउनु भएका गैरआवासीय नेपाली प्रतिनिधिहरुको लागि संघको अन्तर्राष्ट्रिय महाधिवेशनमा र विश्व सम्मेलनमा भाग लिनको लागि दर्ता शुल्क यु.एस डलर **१०० (एक सय मात्र)** र विश्व सम्मेलनमा भाग लिन आवासीय नेपालीहरुको लागि दर्ता शुल्क **रु. ७,०००।- (सात हजार मात्र)** तोकिएको छ।

विश्व सम्मेलनमा भाग लिन आउने सहभागीहरुले गैरआवासीय नेपाली संघको सचिवालयमा दर्ता फारम भरी तोकिएको शुल्क अनिवार्य रुपमा बुझाउनु पर्ने छ। दर्ता फारम र दर्ता शुल्क २०१३ अक्टोवर ९ (तद् अनुसार २०७० असोज २३ गते) भित्रसम्ममा गैरआवासीय नेपाली संघको सचिवालयमा बुझाई सक्नु पर्ने छ। शुल्क नबुझाई भरेको वा पठाएको दर्ता फारम अमान्य हुने छ।

नगदको हकमा अमेरिकी डलर र नेपाली रुपैंया मात्र स्वीकार गरिने छ। दर्ता भएका प्रतिनिधिहरुले सम्मेलन सम्बन्धित प्रकाशन र अन्य कागजात पाउनुका साथै संघले आयोजना गर्ने दिवा र रात्री भोज एवं अन्य सम्मेलनका कार्यक्रममा सहभागी हुन पाउने छन्।

### द्रष्टव्यः

*हरेक राष्ट्रिय समन्वय परिषद्हरुले संघको अन्तर्राष्ट्रिय महाधिवेशनमा प्रतिनिधित्व गर्ने सदस्यको नामावलीका साथै अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोकेको पंजिकृत शुल्क अनिवार्य रुपमा संघको सचिवालमा पठाउनु पर्ने छ।*

*यसैगरी राष्ट्रिय समन्वय परिषद् गठन नभएका मुलुकहरुका गैरआवासीय नेपालीहरुले अन्तर्राष्ट्रिय महाधिवेशनमा भाग लिनको लागि अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोकेको दर्ता शुल्क गैरआवासीय नेपाली संघको सचिवालयमा बुझाई नाम दर्ता गर्नु पर्ने छ।*

## कार्यक्रमः

सम्मेलनको मूल विषयमा केन्द्रित भई विभिन्न कार्यक्रमहरु आयोजना गरिने छ। कार्यक्रम चार दिनको हुनेछ। कार्यक्रमको पहिला दुई दिन संघको अन्तर्राष्ट्रिय महाधिवेशन हुने छ। यसै वेला संघको महासचिव तथा कोषाध्यक्षको प्रतिवेदन एवं महत्वपूर्ण विषयहरु माथि छलफल गरिनुका साथै निर्वाचन समेत सम्पन्न गरिने छ।

तेस्रो दिन विश्व सम्मेलनको समुद्घाटन कार्यक्रम र समसामयिक विषयहरुमा छलफलका लागि छुट्याइएको छ भने अन्तिम दिन छलफल हुन बाँकी रहेका विषयहरु एवं समापनका लागि छुट्याइएको छ। मुख्यतया सम्मेलन र महाधिवेशनमा निम्न कार्यक्रमहरु आयोजित हुने छन्।

**अन्तर्राष्ट्रिय महाधिवेशनका कार्यक्रमहरुः**

- अध्यक्षको संबोधन
- महासचिवद्वारा विगत दुई वर्षको कार्य प्रगति विवरणको प्रस्तुती र अनुमोदन
- कोषाध्यक्षद्वारा गत कार्यकालको लेखा प्रतिवेदन प्रस्तुती र अनुमोदन
- संघ दर्ता सम्बन्धि छलफल
- गैरआवासीय नेपाली संघको विधानमा छलफलका साथै संशोधन
- निर्वाचन सम्बन्धि कार्यक्रमको जानकारी
- निर्वाचन

**विश्व सम्मेलनका कार्यक्रमहरुः**

- उद्घाटन शत्र
- छलफलका विषयहरु
  - ★ समृद्ध नेपाल निर्माणमा गैरआवासीय नेपालीहरु तथा गैरआवासीय नेपाली संघको भूमिका
  - ★ सामुहिक लगानी



Interaction with the C.A. Members on 23.2.2012, Kathmandu

  - ★ वैदेशिक रोजगार
  - ★ युएन वोमन र निड्सद्वारा मध्यपूर्वमा गरिएको महिला कामदारहरुको सर्वेक्षण सम्बन्धि प्रतिवेदन प्रस्तुती
  - ★ नेपाली नागरिकताको निरन्तरता
  - ★ गैरआवासीय नेपालीहरुको नेपालको निर्वाचनमा भाग लिन पाउने अधिकार
  - ★ नयाँ बन्ने संविधानमा गैरआवासीय नेपालीहरुको संवैधानिक हक र अधिकारको सुनिश्चितता
  - ★ गैरआवासीय नेपालीको अभियानमा गैरआवासीय नेपाली महिलाहरुको सहभागिता
  - ★ दोस्रो पुस्ताका गैरआवासीय नेपालीहरुका सहभागिता
  - ★ गैरआवासीय नेपाली सम्बन्धि ऐन नियमको अन्तरक्रिया
  - ★ गैरआवासीय नेपाली अभियानलाई ठोस उपलब्धिमूलक बनाउने बिषयमा छलफल
  - ★ गैरआवासीय नेपाली परिचय पत्र
- राष्ट्रिय समन्वय परिषद्ले गरेका कार्यहरु तथा भावी कार्ययोजनाहरुको प्रस्तुती
- सम्मान कार्यक्रम
- विश्व सम्मेलनको घोषण पत्र जारी

मुख्य सम्मेलनका शत्रमा समावेश हुन नसकेका कतिपय बिषयहरु बारे पनि सम्मेलन अगावै तथा पछाडी कार्यक्रमहरु आयोजना गरिनेछन्।

## व्यवसायिक साझेदारीः

हरेक २ वर्षमा आयोजना गरिने गैरआवासीय नेपाली विश्व सम्मेलन मुलुकको सामाजिक आर्थिक क्षेत्रसंग प्रगाढ सम्बन्ध भएकोले यसको ठूलो व्यावसायिक महत्व छ। यस सम्मेलनले संसारभरीका गैरआवासीय नेपालीहरु र नेपालका नीजि क्षेत्रका उद्योगपति तथा व्यवासीयहरु एक आपसमा परिचित भई आर्थिक अवसरहरु सृजना गर्न मद्दत पुऱ्याउनुका साथै स्वदेश र विदेशका नेपालीहरुले अत्यन्तै आशा र महत्वका साथ यस सम्मेलनलाई हेर्ने भएकोले यस सम्मेलनको निकै सामाजिक र व्यवसायिक महत्व रहेको छ।

विदेशमा विभिन्न मुलुकहरुमा रहेका गैरआवासीय नेपाली समुदाय माझ आफ्नो सोच र व्यवसाय प्रवर्द्धन गर्न इच्छुक प्रतिष्ठान तथा व्यक्तिहरुलाई सम्मेलनको साझेदार (Partner/Sponsor) बन्न सक्ने अवसर प्रदान गरिएको छ। सम्मेलनको प्लाटिनम, गोल्ड तथा सिल्भर साझेदार/प्रायोजक हुनुको अतिरिक्त दिवा भोज, रात्री भोज लगायत विभिन्न कार्यक्रम प्रायोजन गरेर सम्मेलनमा आफ्नो साझेदारी जनाउन सकिने छ। साझेदारीको विस्तृत विवरण सघको वेभसाइटबाट पाउन सकिने छ।

विज्ञापन, साझेदारी, सहभागिता तथा अन्य बिषयमा थप जानकारीका लागि तल उल्लेख गरेको ठेगानामा सम्पर्क गर्नु होला।

सम्मेलन सम्बन्धि सम्पूर्ण जानकारी गैरआवासीय नेपाली संघको तथा सम्मेलनको वेभसाईट *http://www.nrn.org.np/6th_nrn_gc/index.html* मा उपलब्ध छ।


**गैरआवासीय नेपाली संघको सचिवालय**
नेपाल उद्योग वाणिज्य महासंघको भवन
पचली शहीद शुक्र नेउवामहासंघ मिलन मार्ग, टेकु,
पो.ब. : २६९, काठमाडौ, नेपाल
फोन नं. (+९७७-१)४२१५२४७
फ्याक्स : (+९७७-१)४२६२२५५
इमेल : nrn@nrn.org.np;contact@nrn.org.np
सम्मेलनको वेभसाइट : www.nrn.org.np
http://www.nrn.org.np/6th_nrn_gc/index.html


# 6TH NRN GLOBAL CONFERENCE & NRNA INTERNATIONAL CONVENTION 2013

19-22 October, 2013 Kathmandu, Nepal

*"NRNs and Nepal: Partners in Prosperity"*



# छैटौं गैरआवासीय नेपाली विश्व सम्मेलन तथा गैरआवासीय नेपाली संघ-अन्तर्राष्ट्रिय महाधिवेशन २०७०

**२-५ कार्तिक, २०७० काठमाडौं, नेपाल**

*"गैरआवासीय नेपाली र नेपाल : समृद्धिका साझेदार"*




नेपालीका लागि नेपाली

FOR NEPALI BY NEPALI

## BACKGROUND:

First Non-Resident Nepali Global Conference was organized in 2003 jointly by the Government of Nepal (GoN), Federation of Nepalese Chambers of Commerce and Industry (FNCCI) and the Non-Resident Nepali Activists. The conference's main objective was to bring the Nepali Diaspora spread over the world together and put into use their knowledge, skills and resources in the interest of the mother land. The NRNs assembled in the First Global Conference felt the need of a specialized organization and instituted the Non-Resident Nepali Association (NRNA).

Within a decade of its establishment the NRNA has successfully spread its network in 65 countries by establishing its National Coordination Council (NCC) and through these NCCs it is actively promoting and preserving Nepali culture, arts, traditions, literature and tourism in the global platform. The association encourages active participation of NRNs in the economy of Nepal and plays an important role in creating a better environment to attract NRN's and foreign investment to Nepal.

The NRNA has been able to materialize a long envisioned concept of collective investment through formation of NRN Investment Limited (NRNIL); registered under Company Act 2063 with the authorized capital of Rs. 5 billion. As a part of social responsibility, NRNA, the associated NCCs and individual NRNs have provided support and have contributed to various philanthropic causes. The association has directly and/or indirectly mobilized the contribution of more than 100 million Nepali Rupees in different fields such as health care, education, skill development, relief/rehabilitation support at the time of natural disaster and various other social activities during the period October 2011 till August 2013. Promoting and safe guarding the welfare of the Nepali Diaspora; NRNA is committed to mobilize all possible resources of the NRNs across the globe for the betterment of Nepal and the Nepali people.

## INTRODUCTION:

The constitution of Non-Resident Nepali Association stipulates that the Global Conference be organized concurrently with the International Convention, every second year in Nepal. The Sixth NRN Global Conference and NRNA International Convention is to be held from 19th to 22nd October 2013 (BS Kartik 2nd to 5th, 2070) in Kathmandu.

The Global Conferences provide a platform to bring together Nepali Diaspora from different countries and analyze the achievements of the NRN movement and challenges facing it. It also gives the opportunity for them to discuss the future direction of the movement; issues related to Nepali Diaspora, challenges faced by it are also discussed. The Global Conference helps the NRNs to keep abreast of the developments taking place in Nepal and evoke patriotic emotions among the Nepali Diaspora towards their motherland.



Charity Handover to Prime Minister Disaster Relief Fund on 17.7.2013, Kathmandu

International Convention, which may also be called the General Assembly, is the highest governing body of the NRN Association. The International Convention elects the new leadership and evaluates and chalks out strategies and action plans of the association. The General Secretary and the Treasurer present their biennial report to the General Assembly. The International Convention has the right to discuss and amend the NRNA constitution.

Global Conference provides the stage to discuss, interact and engage with other stakeholders and encourages the participation of the Nepali Diaspora in the development of their homeland. This Global Conference has its own significance as it coincides with the 10th anniversary of the association and the movement.

## ORGANIZER:

In keeping with the past tradition, the global conference is being jointly organized by the Government of Nepal (GoN), Federation of Nepalese Chambers of Commerce and Industry (FNCCI) and the Non-Resident Nepali Association (NRNA). The GoN has formed a High Level Organizing Committee under the chairmanship of Minister for Foreign Affairs. This High Level Organizing Committee will consist of high level dignitaries from GoN, FNCCI, NRNA and prominent personalities from various walks of life. In order to ensure the success of the conference, the NRNA has formed its own internal committee with NRNA President as the Convener. It includes NRNA Office Bearers, ICC Members, Parton Council Members, Advisors, NCC Presidents, Project Champions, President, Senior Vice President and Director General of FNCCI. The organizing committee has formed various subcommittees with clear division of work to ensure the smooth running and success of the event.

## THEME:

The motto of NRNA is **"FOR NEPALI BY NEPALI"** and programs in the conference revolve around the motto. The theme of the 6th NRN Global Conference and NRNA International Convention 2013 is:
***"NRNs and Nepal: Partners in Prosperity".***

The date and venues of the event are as follows:

***International Convention:***
Venue : Soaltee Crowne Plaza, Kathmandu
Date : 19th to 20th October, 2013
Tel : 977-01-4273999

***Global Conference:***
Venue : Tribhuwan Army Officer's Club, Bhadrakali, Kathmandu
Date : 21st to 22nd October, 2013
Tel : 977-01-4228891

## PARTICIPATION:

As stipulated in the NRNA Constitution 2003 (with amended 2012), nominees of NCCs, International Coordination Council (ICC) members, patron council members, advisors, NRNs from countries where NCC has not been formed, observers nominated by ICC, honorary and associate members can participate in the International Convention.

GoN officials, FNCCI members, leaders of various political parties, diplomats, entrepreneurs, senior representatives of national and international organizations, intellectuals, media personalities and Non-Resident Nepalis will also participate in the Global Conference. Interested Nepali or Non-Nepalis who register themselves in the NRNA Secretariat by paying the registration fee can also attend the Global Conference. The registration to the Global Conference does not automatically allow the participation in the International Convention, but all the participants of the International Convention would have to register themselves for the Global Conference.

It is estimated that approximately 1000 resident and Non-Resident Nepalis are to participate in the conference.

## REGISTRATION:

Participation in the International Convention will be strictly through registration. Registration form can be obtained from the secretariat or downloaded from the website of the 6th International Convention and Global Conference: *http://www.nrn.org.np/6th_nrn_gc/index.html*. The registration fee for NRNs to participate in the International Convention and Global Conference is **US$ 100 (One Hundred only)**. The registration fee for Resident Nepali is **NPR 7000 (Seven Thousand only)** for the Global Conference.

All participants for the International Convention and the Global Conference have to register their names and duly pay at the NRNA secretariat. Participation registration fee and membership fee must be deposited within 10th October, 2013 (Ashwin 24th, 2070). No forms will be accepted without duly paying the participation registration fee. The fee will have to be paid either in Nepali Rupees equivalent to US$ 100 or in US dollars itself. Registered participants will receive conference publications and documents and will have the right to participate in lunch and dinner hosted by the association.

*Note:*

*All NCCs must sent the list of participants/representatives along with the register members names and corresponding membership fee as determined by ICC to the NRNA secretariat. Only nominees of NCC would have the right to vote for electing the NRNA office bearers.*

*For Nepalis from countries where NCC has not been formed; to participate in the International Convention, they have to deposit membership fee as determined by ICC and register at the NRNA secretariat.*

## PROGRAM:

The discussions and deliberations will revolve around the theme of the conference. The first two days has been set aside for International Convention or General Assembly where the election of the new International Coordination Council (Executive Committee) is to take place.

The latter two days are set for the inauguration of the Global Conference and interaction programs on issues of interest to NRNs. Interaction programs will continue into the fourth day followed by the closing ceremony.

The International Convention and the Global Conference will consist of following activities:

## INTERNATIONAL CONVENTION ACTIVITIES:

- Address by the NRNA President
- Presentation of report by General Secretary on activities and achievements during the tenure
- Presentation of financial reports by the Treasurer during the tenure
- Discussion on registration of NRNA
- Discussion on the constitution of NRNA followed by proposal and approval for amendment
- Dissemination of information on the election activities
- Election of the new Office Bearers

## GLOBAL CONFERENCE ACTIVITIES:

- Inaugural Ceremony
- Discussion on:
  - Roles of NRNA/NRNs in Nepal's prosperity
  - Collective investment
  - Foreign employment
  - Report by NIDS on migrant female worker's situation
  - Continuation of Nepali Citizenship
  - Voting rights to the Non-Resident Citizens in the national election
  - Inclusion of NRN issues in the coming constitution
  - Role of Nepali Diaspora women in NRN movement
  - Participation of 2nd and 3rd generation NRNs in the NRN movement
  - NRN Act and Bylaws
  - How to make NRNA movement more productive
  - NRN identity card
- Presentation by NCCs about their achievements and future activities
- Awards Ceremony
- Declaration of the 6th Global Conference

Pre and post conference activities are also to be conducted on issues that are not directly taken up in the main conference.



Meeting with Ambassadors on 6.4.2012, Kathmandu

## BUSINESS OPPORTUNITY:

The Global Conference, held every two year, also creates opportunities to enhance and expand businesses. The conference provides a platform for introducing products and business concepts among Nepali Diaspora from all over the world and the resident Nepali business people. It can be used to establish business contacts with Nepali business people from around the globe. The commercial significance of the conference is enhanced by the value and importance given to it by the Nepali Diaspora globally.

The Global Conference provides opportunities for Nepali companies and entrepreneurs to promote their products among the Nepali Diaspora by participating as a sponsor. Various range of partnership such as platinum, gold and silver sponsorships are available. Institutions can also sponsor events such as lunch, dinner and other events. The details of sponsorship package and the mileage offered to the sponsors can be obtained from the 6th NRNA International Convention and Global Conference website: *http://www.nrn.org.np/6th_nrn_gc/index.html.*

For advertisement, partnership, and sponsorship or for any information regarding the 6th NRN Global and NRNA International Convention you can contact the NRNA Secretariat.

All information regarding the 6th NRN Global Conference and NRNA International Convention are available at the website of Non-Resident Nepali Association - www.nrn.org.np and also on conference website: *http://www.nrn.org.np/6th_nrn_gc/index.html*


### Non-Resident Nepali Association Secretariat

FNCCI, Building, Pachali Shaid Shukra FNCCI Milan Marg, Teku,
P.O.Box: 269, Kathmandu, Nepal.
Phone: 977-01-4215247
Fax: 977-01-4262255
Email: nrn@nrn.org.np; contact@nrn.org.np
Website: www.nrn.org.np
http://www.nrn.org.np/6th_nrn_gc/index.html